आज मिति २०७९ साल असार २३ गते बिहिबारका दिन यस मनहरी गाउँपालिकाको ११ औं गाउँसभा(बर्षे अधिवेशन) को दोश्रो बैठक गाउँपालिका अध्यक्ष श्री रञ्जन कालाखेती ज्यूको अध्यक्षतामा देहाय बमोजिमका गाउँसभा सदस्य ज्यूहरुको उपस्थिति रही सम्पन्न भयो ।

उपस्थितिः

| सि.नं | नामथर | पद | सम्पर्क नं | दस्तखत |
|---|---|---|---|---|
| १ | रन्जन कालाखेती | अध्यक्ष | ९८५५०६७४१४ | |
| २ | सिता पुलामी मगर | उपाध्यक्ष | ९८४५०७४३४२ | |
| ३ | शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | ९८४५३८९६९९ | |
| ४ | राजकुमार पाखिन | २ नं. वडा अध्यक्ष | ९८४५२३५५२६ | |
| ५ | अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | ९८४५२७७२९९ | |
| ६ | प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | ९८५५०६९९७३ | |
| ७ | दिपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | ९८६३९२६५२५ | |
| ८ | युव राज थपलिया | ६ नं. वडा अध्यक्ष | ९८४३५६१३७१ | |
| ९ | ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | ९८५५०६९०१७ | |
| १० | नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | ९८५५०६७९४२ | |
| ११ | राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | ९८५५०२९९५५ | |
| १२ | सविता सुवेदी | कार्यपालिका सदस्य | ९८४५२४६३५० | |

| सि.नं | नामथर | पद | सम्पर्क नं | दस्तखत |
|---|---|---|---|---|
| २७ | हिरा बहादुर प्रजा | ३ नं. वडा सदस्य | ९८११८८९१०३ | |
| २८ | गंगा विश्वकर्मा | ४ नं. दलित महिला सदस्य | ९८०७२६८६४१ | |
| २९ | दिनेश चेपाङ | ४ नं. वडा सदस्य | ९८०९२८७४६६ | |
| ३० | आइत सिं स्याङतान | ४ नं. वडा सदस्य | ९८४१८०५३९० | |
| ३१ | सरला थापा | ५ नं. महिला सदस्य | ९८२१२३०५४२ | |
| ३२ | संजीता परियार | ५ नं. दलित महिला सदस्य | ९८०६६९११८५ | |
| ३३ | काजीमान स्याङतान | ५ नं. वडा सदस्य | ९८४५३०१५३५ | |
| ३४ | बुद्धि बहादुर स्याङतान | ५ नं. वडा सदस्य | ९८६११७१४६० | |
| ३५ | प्रविता विश्वकर्मा | ६ नं. दलित महिला सदस्य | ९८४५३६८२१० | |
| ३६ | कुमार सिं मुक्तान | ६ नं. वडा सदस्य | ९८५५०८४११७ | |
| ३७ | विष्णु बहादुर राई | ६ नं. वडा सदस्य | ९८४५१०६१६१ | |
| ३८ | राधा देवी पाठक | ७ नं. महिला सदस्य | ९८४५८०४५४६ | |
| ३९ | विमला सुनार | ७ नं. दलित महिला सदस्य | ९८४५१४७०२५ | |
| ४० | कमल बहादुर वस्नेत | ७ नं. वडा सदस्य | ९८६५०११२४७ | |

| सि.नं | नामथर | पद | सम्पर्क नं | दस्तखत |
|---|---|---|---|---|
| १३ | सेती माया तामाङ | कार्यपालिका सदस्य | ९८६५३४५०४० | |
| १४ | राम माया नगरकोटी | कार्यपालिका सदस्य | ९८६५४३१९१० | |
| १५ | मिरा खत्री | कार्यपालिका सदस्य | ९८४५४०३५०१ | |
| १६ | कान्छी माया वोट | कार्यपालिका सदस्य | ९८०२९९३४६५ | |
| १७ | चतुर कुमार सुनार | कार्यपालिका सदस्य | ९८६२०९८७६७ | |
| १८ | सावित्री घिमिरे | १ नं. दलित महिला सदस्य | ९८४५००६५६६ | |
| १९ | सानोकान्छा घलान | १ नं. वडा सदस्य | ९८६०३५१३४१ | |
| २० | दिपक ढकाल | १ नं. वडा सदस्य | ९८४५००६५९२ | |
| २१ | चमेली माया थिङ | २ नं. महिला सदस्य | ९८४८९३२७३५ | |
| २२ | कमला विश्वकर्मा | २ नं. दलित महिला सदस्य | ९८४५३८८३४९ | |
| २३ | कृष्ण बहादुर रुम्बा | २ नं वडा सदस्य | ९८६१०८१९१८ | |
| २४ | सुकराम मुक्तान | २ नं. वडा सदस्य | ९७४६५२००३७ | |
| २५ | धन माया विश्वकर्मा | ३ नं. दलित महिला सदस्य | ९८४९९६७६१४ | |
| २६ | सानु काजी लुइटेल | ३ नं. वडा सदस्य | ९८५५०६७६२२ | रिक्त |

| सि.नं | नामथर | पद | सम्पर्क नं | दस्तखत |
|---|---|---|---|---|
| ४१ | नवराज सुवेदी | ७ नं. वडा सदस्य | ९८४५११६८२६४ | |
| ४२ | कृष्ण कुमारी रिमाल | ८ नं. महिला सदस्य | ९८४५८१६४२४ | |
| ४३ | लक्ष्मी विश्वकर्मा | ८ नं. दलित महिला सदस्य | ९८६५५०४३९० | |
| ४४ | पंच लाल थिङ | ८ नं. वडा सदस्य | ९८४५५७६३७८ | |
| ४५ | राम प्रसाद सुवेदी | ८ नं. वडा सदस्य | ९८४५२३९७८२ | |
| ४६ | देवी कुमारी अधिकारी | ९ नं. महिला सदस्य | ९८४९६९५२५६ | देवी |
| ४७ | गंगा सुनार | ९ नं. दलित महिला सदस्य | ९८१४२७५२५४ | |
| ४८ | गुप्त बहादुर थापा | ९ नं. वडा सदस्य | ९८४५२३५३२९ | |
| ४९ | पर्व देव अधिकारी | ९ नं. वडा सदस्य | ९८४५१०२६४१ | |
| ५० | मोहन कुमार श्रेष्ठ | प्र.प.अ. | ९८४५०८८३६६ | |

अध्यक्ष

मिति २०७९/०३/२३ गते मनहरी गाउँपालिका गाउँ सभाको एघारौं अधिवेशनको दोस्रो बैठकमा छलफलका लागि पेश भएका विषयबस्तुहरु :

१ मनहरी गाउँपालिकाको आ.व. ०७९/८० को बार्षिक बजेटको सम्बन्धमा

२ मनहरी गाउँपालिकाको विनियोजन विधेयक सम्बन्धमा

३ लेखा समितिबाट प्राप्त निर्णयका आधारमा नियमित गर्नुपर्ने र प्रमाण पेश गर्नु पर्ने बेरुजूका सम्बन्धमा ।

४ न्यायिक समितिको आ.व. ०७८/०७९ को बार्षिक प्रतिवेदन

५ विविध

निर्णयहरु :

१ प्रस्ताव नं. १ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०७९/८० को लागि गाउँपालिका उपाध्यक्ष श्री सिता पुलामी मगरज्यूबाट प्रस्तुत बार्षिक बजेट सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरीयो ।

२ प्रस्ताव नं. २ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०७९/८० को लागि गाउँपालिका उपाध्यक्ष श्री सिता पुलामी मगरज्यूबाट प्रस्तुत विनियोजन विधेयक, २०७९ सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरीयो ।

३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा मनहरी गाउँपालिका गाउँकार्यपालिकाको लेखा समितिबाट सिफारिस भई आएको आ.व. ०७३/०७४, ०७४/०७५, ०७५/०७६, ०७६/०७७ गरी चार आर्थिक वर्षमा भएका आर्थिक कारोबारहरुको महालेखा परिक्षकले अन्तिम लेखापरीक्षण कार्य गरी औल्याएको अन्तिम बेरुजू उपर असुल गर्ने भनि कायम भएका बेरुजू रकमहरु कानून बमोजिमको समयाबधि भित्र सम्बन्धित व्यक्ति/पक्ष/समिति/संघ/संस्थाहरुबाट असुल गराई फछ्यौटको लागि लेखा समितिलाई आवश्यक प्रकृया अगाडी बढाउन निर्देशन दिने निर्णय गरीयो । प्रमाण पेश गर्न र नियमित गर्न बाकि भएका बेरुजूहरु उपर सम्बन्धित व्यक्ति/पक्ष/समिति/संघ/संस्थाहरुलाई जिम्मेवार बनाई प्रमाण पेश गर्न र नियमित गर्न लगाउन आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरीयो ।

नियमित गर्नुपर्ने बेरुजूको सम्बन्धमा सभामा तपसिल बमोजिम दफावार छलफल भई कानून बमोजिम पुर्याउनु पर्ने रित सामान्य रुपमा नपुगेको तर सरकारी नगदी, जिन्सी हानी नोक्सानी भएको नदेखिएकोले गाउँपालिकालाई सो खर्चका कारण क्षति नभएको र गरीएका खर्चहरु प्रकृयागत त्रृटि भएको भएतापनि औचित्यताका आधारमा मनासिब देखिएकोले प्रतिवेदनमा औल्याएका रकम रु ६,१७,८५,५३४/- (छ करोड सत्र लाख पचासी हजार पाचँ सय चौतिस मात्र) बराबरको बेरुजु रकम नियमित गर्नुपर्ने भनि कायम भएको बेरुजूहरुका विषयमा सम्परीक्षण गरी लगत कट्टाको लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने भनि सर्वसम्मतबाट निर्णय गरीयो ।

तपसिल :

रन्जन कालाखेती
अध्यक्ष

<table>
<tr><td colspan="5">आ.ब. ०७५/०७६</td></tr>
<tr><th>सि.नं.</th><th>बेरुजु दफा</th><th>बेरुजुको व्यहोरा</th><th>बेरुजु अंक</th><th>यस गाउँसभाको निर्णय</th></tr>
<tr><td>१</td><td>६८</td><td>कार्य सम्पादन जमानतः- सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को ४ बमोजिम लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटि कबुल गरेको छ सोको पचास प्रतिशत हुन आउने रकम कबुल अंकको ५ प्रतिशतमा थप गरि कार्य सम्पादन लिई खरिद सम्झौता गर्नुपर्नेमा कार्यालयले निम्मानुसार ठेक्कामा सो बमोजिम गरि ५ प्रतिशत जमानतको थप ५० प्रतिशतले रकम मात्र जमानत माग गरेको पाईयो। कानुनले तोके बमोजिम जमानत रकम दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>ठेक्का नं</th><th>कामको विवरण</th><th>कबोल अंक</th><th>घटि प्रतिशत</th><th>लिएको जमानत</th><th>घटि भएको जमानत</th></tr>
<tr><td>१९/०७ ५/०७६</td><td>बृहत खानेपानि शिवशक्ति इन्फ्रास्ट्रक्चर प्रा.लि</td><td>१४२६०५६ ६.५९</td><td>२८.१२</td><td>१८३७०००</td><td>११९८६४</td></tr>
<tr><td>१६/०७ ५/०७६</td><td>दरदरा बसन्तपुर डिल्लिपुर सडक रत कुमारी एण्ड सन्स</td><td>२४७५६३२. ६५</td><td>४९.१४</td><td>१८३५८४</td><td>७८०१६०.७५</td></tr>
<tr><td>११/०७ ५/०७६</td><td>ज्यामिर अजिङ्गर खानेपानी प्रेरक कन्स्ट्रक्सन एण्ड प्रिफ्याव हाउस प्रा.लि</td><td>३५४०९७४</td><td>२७.०१</td><td>२०९८०६</td><td>२५८५२९.२५</td></tr>
</table></td><td>११५८५५४</td><td>यस कार्यालयवाट संचालित उल्लेखित योजनाहरु संझौता गर्दा कानुन बमोजिम थप बैंक ग्यारेन्टीको व्यवस्था गर्नु पर्नेमा नगरिएको र थप बैंक ग्यारेन्टी नराखेको भएतापनी कामको गुणस्तर र सम्पन्न गर्नुपर्ने समयमा विलम्व भएको नदेखिएकाले गाउँपालिकालाई थप धरौटी नराखेको कारणले मात्र हानीनोक्सानी भएको नदेखिएकाले नियमितका लागि गाउँसभामा सिफारिस गर्नेभन्ने मिति २०७९-०३-२२ को लेखा समितिको सिफारिस निर्णयको आधारमा उक्त अकं वेरुजूबाट हटाई समपरीक्षण गरिदिन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>२</td><td>६९ ख</td><td>महिला सहकारी अवलोकन भ्रमण र पर्यटकीय क्षेत्रको अनुभव आदान प्रदान अवलोकन भ्रमणको गाडि भाडाको कर</td><td>७५००</td><td>२०७६-११-२३ च .न. ५८८ को म.ले.प.प्रतिकृयापत्रबाट कट्टा भएकोले गाँउसभामा नियमित गर्नको लागि गाउँसभामा सिफारिस गर्नेभन्ने मिति २०७९-०३-२२ को लेखा समितिकोसिफारिस निर्णयको आधारमा उक्त अकं वेरुजूबाट हटाई समपरीक्षण गरिदिन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>३</td><td>७२</td><td>गो.भौ.नं. ३८३ बाट नेपाल ह्युमपाईप मेनुफैक्चर्स प्रा.लि. लाई वडा नं ३ कालागी भनि ह्युम पाईप खरिद गरी स्वीकृत कार्यक्रम तथा प्रयोगको विवरण बेगर आर्थिक बर्षको अन्त्यमा बिजक नं ३५३ मिति २९७६/०३/२७ मा खर्च लेखेको जडान कार्यको नापी किताब पेश गर्नुपर्ने ।</td><td>२९३६५८</td><td>गाँउपालिकाका प्राविधिकहरुको स्थलगत अनुगमन गरी नापजाच सहित नापि किताब प्राप्त भएको र वडा कार्यालय मार्फत बुझदा समेत सो सामाग्रीबाट स्थानीयहरुले अधिकतम लाभ लिईरहेको बुझिकोले गाँउसभालाई नियमित गर्न गाउँसभामा सिफारिस गर्नेभन्ने मिति २०७९-०३-२२ को लेखा समितिकोसिफारिस निर्णयको आधारमा उक्त अकं वेरुजूबाट हटाई समपरीक्षण गरिदिन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>४</td><td>७३</td><td>गो.भौ.नं. २४९ बाट भुक्तानीः पशुधन तथा बागबानी विकास कार्यक्रम अन्तर्गत ५ माउ भन्दा बढि पाल्नेलाई अनुदान प्रति युवा ४८००० हुने रु २६०००० खर्च लेखेको देखिन्छ । उक्त कार्यक्रमको लागी अनुदान वितरणको आधार अनुदान स्वीकृत भएको निर्णय र बितरणको भरपाई बेगर पशु सेवा शाखा प्रमुखले रकम बुझेको देखिएकोले उक्त रकम सम्बन्धमा लाभग्राहिले पाए नपाएको छानबिन गरी यथार्त एकिन हुनुपर्ने ।</td><td>२६००००</td><td>यसरी भुक्तानी भएको रकमको ५ जनाको वितरणको भरपाई प्राप्त भएको र अनुदानको प्रक्रिया समेत स्वीकृत भई कार्य सञ्चालन भएकोले यसले गाँउपालिकालाई कुनै हानि नोकसानी नभएको देखिएकोले नियमित गर्न गाउँसभामा सिफारिस गर्नेभन्ने मिति २०७९-०३-२२ को लेखा समितिकोसिफारिस निर्णयको आधारमा उक्त अकं वेरुजूबाट हटाई समपरीक्षण गरिदिन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>५</td><td>७४</td><td>गो.भौ.न. ३६२ बाट गुडविल फेशनको बिल संलग्न गरी छाता१५ थान र रेनकोट २० थानको व्यक्तिगत प्रयोजनका सामाग्री खरिद गरी खर्च लेखेको ।</td><td>८७५७५</td><td>जनप्रतिनिधि तथा कार्यालयमा कार्यरत प्राविधिक तथा अन्य कर्मचारीहरुलाई गाँउपालिकाको सार्वजनिक निर्माण लगायत कामको स्थलगत अनुगमनमा सहजता ल्याउन वर्षातको समयलाइ</td></tr>
</table>

रन्जन कालाखेती
अध्यक्ष

रन्जन कालाखेती
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | | | मध्यनजर गरी रेनकोट र छाता उपलब्ध गराईएको र साधन स्रोतको उपलब्धताले काममा प्रभावकारीता देखिएकोले आवश्यकताको आधारमा खरिद गरिएको उक्त कामको बेरुजू नियमित गर्न गाउँसभामा सिफारिस गर्नेभन्ने मिति २०७९-०३-२२ को लेखा समितिकोसिफारिस निर्णयको आधारमा उक्त अंक वेरुजूबाट हटाई समपरीक्षण गरिदिन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ६ | ८० ग | मासिक रु १५२००० का दरले वार्षिक रु १८२४००० भुक्तानी खर्च लेखेको कर संकलक ५ जनाको नियुक्ति र सम्झौता गरेको पाईएन र ज्यालादारीमा कामकाज गराएको देखिन्छ । नियुक्ति र सम्झौता बेगर कर संकलकलाई गरेको मासिक सुविधा । | १८२४००० | मनहरी गाउँपालिका गाउँकार्यपालिकाको बैठकबाट मिति २०७५/०३/२५ मा स्वीकृत भएको रोडा,गिटी,बालुवा स्लेट,माटो र बाताबरण तथा प्रदुषण शुल्क आदिमा अमानतबाट राजस्व संकलन गर्ने कार्ययोजना २०७५ को दफा ३ मा कार्य बिबरण उल्लेख गरि सम्बन्धित कर्मचारीको नाम समेत किटान गरि कामगर्ने कर संकलन स्थल (नाका) तोकि ज्यालादारीमा कार्य जिम्मेवारी दिईएको र सो कार्य जिम्मेवारीमा रहेका व्यक्तिहरुलाई सोही कार्ययोजनाको दफा ४ सि.नं. ४,५,६,७ र ८ मा व्यबस्था गरि आबस्यक स्वीकृतिको प्रकृया पुरा गरि उपलब्ध गराईएको मासिक पारिश्रमिक तथा अन्य खाजा खाना ईन्धन लगायतका भुक्तानी मनासिव देखिएकोले नियमित गर्न गाउँसभामा सिफारिस गर्नेभन्ने मिति २०७९-०३-२२ को लेखा समितिकोसिफारिस निर्णयको आधारमा उक्त अंक वेरुजूबाट हटाई समपरीक्षण गरिदिन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ७ | ८५ | गो.भौ.नं. ८४ बाट सिता मा.वि मनहरी २ लाई विज्ञान प्रयोगशालाको लागी आवश्यक पर्ने रकम खरिद र फर्निचर बापत गरी भुक्तानी सामानको सम्बन्धित विधालयमा आम्दानी बाधेको नपाएको । | ६५०००० | सिता मा.वि मनहरी २ बाट विज्ञान प्रयोगशालको लागि निकासा भएको रकमको सामाग्री खरिद भएको र आम्दानि बाधिएको प्रमाण समेत प्राप्त भईसकेको हुनाले गाँउसभा मा नियमित गर्न सिफारिस गर्ने भन्ने मिति २०७९-०३-२२ को लेखा समितिको गाउँसभामा सिफारिस गर्नेभन्ने मिति २०७९-०३-२२ को लेखा समितिकोसिफारिस निर्णयको आधारमा उक्त अंक वेरुजूबाट हटाई समपरीक्षण गरिदिन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ८ | ८६ | बायोमेट्रिक हाजिर १४ थान विभिन्न विधालयले ह.फा. बेगर लगेको पाईयो सम्बन्धित विधालयमा सो मेशिन जडान गरेको प्रमाण पेश गर्नु पर्ने । | २६३०६९ | विभिन्न विधालयहरुबाट १४ थान बायोमेट्रिक हाजरी मेशिन जडान गरेको प्रमाण फोटोसमेत राखी पेश हुन आईसकेकोले नियमित गर्न गाउँसभामा सिफारिस गर्नेभन्ने मिति २०७९-०३-२२ को लेखा समितिकोसिफारिस निर्णयको आधारमा उक्त अंक वेरुजूबाट हटाई समपरीक्षण गरिदिन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो । |
| | | जम्मा रकम रु | ४५४४३५६ | |

आ.ब.०७६/०७७

| सि.नं. | बेरुजु दफा | बेरुजुको व्यहोरा | बेरुजु अंक | यस गाउँसभाको निर्णय |
|---|---|---|---|---|
| १ | १७ | मूल्यअभिवृद्धिकरऐन, २०५२ र नियमावली, २०५३ अनुसार मूल्य अभिवृद्धि कर योग्य बस्तु तथा सेवाको कारोबार गर्दा मु.अ. कर बापतको रकम असुल गरी सम्बन्धित राजस्व खातामा | १७६७२८५० | यस दफामा उल्लेखित कैफियतको सम्बन्धमा कार्यालयबाट आ.ब.०७६/०७७ कोलागी लगाईएको उक्त आय ठेक्का कबोल गर्ने सि.बि.कन्ट्रक्सन बनेपा, काभ्रेबाट उल्लेखित ठेक्का |

रन्जन कालाखेती
अध्यक्ष

रन्जना कालाखेती
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | दाखिला गर्नुपर्दछ। उक्त कबोल अंक रु १४ करोड ३१ लाख मा एकमुष्ट बुझाएबापत निजले ५% छुट सहित हुने रु. १३,५९,४५,०००।- (मु.अ. कर बाहेक) बुझाइ मिति २०७६/०८/१७ मा सम्झौता गरेको छ। उक्त रकम बुझाइ सम्झौता गर्दाकै बखतमा लाग्ने मु.अ.कर रकम एकमुष्ट बुझाइ सो पश्चातको करदाताको बिक्रि कारोबारमा मु. अ. कर रकम क्रेडिट मिलान गर्दै जानुपर्नेमा सो बमोजिम ठेकेदारको मु. अ. कर बुझाएको देखिन आएन तसर्थ उक्त मु. अ. कर रु. १,७६,७२,८५०।- सम्झौता गर्दाको महिनाको अर्को महिनाको २५ गतेभित्र नियमअनुसार मु. अ. कर दाखिला गरेको सक्कल बैङ्क भौचर पेश हुनपर्ने अन्यथा कानुनबमोजिम लाग्ने शुल्क र जरिवाना समेतले हुने रकम एकिन गरी सो समेत निज ठेकेदारबाट थप गरी असुल तथा दाखिला हुनुपर्ने रु. | | सुचनाको बुंदा नं १४ र निज कम्पनि तथा यस कार्यालयबिच भएको सम्झौताको बुंदा नं २७ बमोजिम आ.रा.का.मा बुझाउने कार्य गरेकोले निजबाट एकमुष्ठ नभइ पटक पटक गरि दाखिला गरेको रु.१७६७२८४६/०३ को दाखिला भौचरको प्रतिलिपी यस कार्यालयमा प्राप्त भएको र निजले सो कारोबारको मु.अ.कर आन्तरिक राजस्व कार्यालय मार्फत कर समायोजन गरेको पत्र समेत पेश गरेको आधारमा उक्त अंक बेरुजुबाट हटाइ सम्परिक्षण मनासिब देखिएकोले सम्परिक्षणकोलागी गाउँसभामा सिफारिस गर्ने मिति २०७९/०३/२२ को लेखा समितिको सिफारिसको आधारमा यस दफामा उल्लेखित बेरुजुको लगत कट्टा गरि बेरुजु हटाई सम्परिक्षण गरिदिन महालेखा परिक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्बसम्मत निर्णय गरियो । |
| २ | १९।१ | गाउँपालिकाक्षेत्रभित्रबाट गिट्टी, बालुवा, रोडा, ढुङ्गाआदिको उत्खनन्, संकलन, बिक्रि बापतको शुल्क असुल गर्ने गरी २०७६/०४/०१ देखि २०७६/०८/१६ सम्म गाउँपालिकाको सात जना व्यक्तिहरुलाई ज्यालादारीमा नियुक्त गरी निजहरु मार्फत उत्खनन्, संकलन, बिक्रि बापतको शुल्क र वातावरण शुल्क अशुल गरिएको पाइयो। यसरी उक्त समयसम्म निजहरुमार्फत उत्खनन्, संकलन, बिक्रि शुल्क बापत मु.अ.कर समेत प्रति घनफिट रु. १०/११ का दरले रु ५,८७,२५,५२४।६६ असुल भएको व्यहोरा नगदी रसिद नं १ देखि १६,७०० सम्मका रसिदहरुबाट देखियो। जसलाई आधार भन्दा सो अवधिमा १,६३,६७३.१२ घन फिट र सामग्री निकासी भएको पाइयो। सोही अवधिमा वातावरण शुल्क अशुलीतर्फ हेर्दा नगदी रसिद नं १ देखि १६,७०० सम्मका नगदी रसिद मार्फत रु. ११,९०,८४९।६१ अम्दानी र दाखिला भएको छ। जसअनुसार प्रति घनफिट रु १२० का दरले १६८७७१।२० घनमिटर सामग्री निकासी भएको देखिन आयो। यसप्रकार वातावरण शुल्क अशुलीको परिमाण भन्दा उत्खनन्, संकलन, बिक्रि शुल्क अशुलीको परिमाण ५,०९८.०८ घनमिटरको प्रति घनफिट रु १०।१७ का दरले हुने रु १८२९१७९ रकम कार्यालयलाई नोक्सानी पुर्याएको देखिएकोले उक्त रकम पदाधिकारी र व्यक्तीलाई कानुन बमोजिम जवाफदेही बनाइ असुल गर्नुपर्ने रु | १८२९१७९ | यस दफामा उल्लेखित व्यहोरा बमोजिम यस कार्यालयबाट मिति २०७६ भाद्र ५ गतेदेखि मंशीर १६ गते सम्म अमानतमा र तत पश्चात ठेक्का व्यबस्थापन भई नदीजन्य पदार्थको प्रदेश कानुन बमोजिमको निकाशी शुल्क र गाँउसभाबाट निर्णय भएको दरमा बाताबरण संरक्षण शुल्क संकलन गर्दा उल्लेखित मिति २०७६ मंशीर १६ सम्म दुबै शुल्क र ततपश्चात बाताबरण शुल्कमात्र निरन्तर अमानतमा संकलन गरिएको हुंदा अमानतको मिति सम्म निकाशी शुल्क संकलन हुंदाको निकाशी परिमाण १६३६७३.१२ घनमीटर बराबरनै बाताबरण शुल्क संकलन तर्फबाट भएको निकासी परिमाण रहेको व्यहोरा अनुरोध छ । प्रारम्भिक प्रतिबेदनमा औल्याईएझै मिति २०७६ मंशीर १२ सम्म दुबै प्रकारका नगदी रसिद नं ०१ देखि १६७०० सम्म जारी भएको भएतापनि सोही मिति मंशीर १६ सम्म उल्लेखित नम्बरका सबै रसिद प्रयोग नभएको व्यहोरा जानकारीकोलागी अनुरोध छ । प्रयोग भएका मध्य रजैया र सुनाचुरी दुईवटा नाकामा प्रयोग गरिएकोले र कर्मचारीहरुको सिफ्ट ड्युटी समेत हुनेकारण तल्लो सिरियलको नम्बर समेत पछिल्लो मितिमा प्रयोग हुने अबस्थाको व्यबहारिक तथा अमानत र ठेक्का बन्दोबस्ती बिच बाताबरण शुल्क निरन्तर अमानतमा संलकन गरिराखु परेकोले समेत दुबै जारी रसिदहरुको सिरियल नं बराबरीमा प्रयोग भएको नदेखिएतापनि समग्र बार्षिक निकासी परिमाण बाताबरण शुल्कको आधारमा भएको र सोही आधारमा ठेकेदारबाट भएको निकासी परिमाण समेत एकीन गरि कुल बार्षिक अमानत निकासी र ठेक्का निकासी बाट भएको देखिएकोले र अमानतबाटमात्र निकासी शुल्क तर्फको रसिद नं १६२५० सम्म मध्यको १६१२८ पाना मात्र प्रयोग भएको र तत पश्चातका बाताबरण रसिद ठेक्का कार्यान्वयनको समयाअबधि बमोजिम रहेको आधारमा सो बाताबरण रसिद समेत त्यतिनै संख्यामा प्रयोग भएको हुदा कुल बाताबरण तर्फको निकासी शुल्क सो मिति सम्म कुल रु.११५६४४४.६० मात्र भएको हुंदा सोही रकम बराबरले प्रतिघनफिट ।२० पैसा को दरले कुल १६३८९५.२१ घनमीटर परिमाण निकासी भएको हुंदा दुबै शीर्षकबाट निकासी भएको परिमाण मिल्नेनै देखिएको आधारमा उक्त अंक बेरुजुबाट हटाउने व्यबस्थाकोलागी गाउँसभामासिफारिस गर्ने भन्ने मिति २०७९/०३/२२ को लेखा समितिको निर्णयको आधारमा |

रन्जना कालाखेती
अध्यक्ष

रन्जन कालाखेती
अध्यक्ष

<table>
<tr><td></td><td></td><td></td><td></td><td>उक्त अंक बेरुजु लगतबाट हटाई सम्परिक्षणकोलागी महालेखा परिक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्बसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>३</td><td>२१ ख</td><td>गाउँपालिकाक्षेत्रभित्रबाट गिट्टी, बालुवा, रोडा, ढुङ्गाआदिको उत्खनन्, संकलन, बिक्रि शुल्क बापतको असुल गर्ने कार्य २०७६/०८/१७ देखि २०७७।०३।३१ सम्म ठेक्का व्यवस्थापन मार्फत ठेकेदार सि.बि. कन्स्ट्रक्सन मार्फत स्टकमा रहेको र उत्खनन् तथा संकलन समेत ५,२३,०८५।- घन मिटर बिक्रि गरी शुल्क अशुल गर्न सम्झौता भए बमोजिम कार्य गराइएको छ तर सोही अवधिमा उक्त बिक्रि र निकासी गरेको परिमाणमा कार्यालयले अमानत वातावरण शुल्क अशुल गर्दा नगदी रसिद नं १६७०१ देखि ६१४५० सम्मका रसिदबाट प्रति घनफिट रु १२०का दरले रु ३३९८२२६ अशुल भएको देखिएबाट ४८१६०८ घनमिटर को मात्रा वातावरण शुल्क अशुल भएको देखिन आयो। तसर्थ ठेकेदार मार्फत बिक्रि र निकासी गरेको परिमाण भन्दा वातावरण शुल्क अशुल गर्दा बिक्रि तथा निकासी गरेको परिमाण ४१,४७७ घनमिटरको घटी वातावरण शुल्क असुल भएको देखिएकोले सोको हुने रु २,९२,६६१ सम्बन्धित पदाधिकारी र कर्मचारीलाइ कानुन बमोजिम जिम्मेवार तुल्याइ अशुल गर्नुपर्ने रु</td><td>२९२६६२</td><td>यस दफामा उल्लेखित व्यहोरा बमोजिम बिक्रि शुल्क बापतको असुली गर्न मिति २०७६/०८/१७ देखि ठेकेदार सि.बि.कन्ट्रक्सन मार्फत स्टकमा रहेको र उत्खनन तथा संकलन समेत कुल ५,२३,०८५ घन मिटर निकासी अनुमती दिनेगरि सम्झौता भएको भएतापनि सो परिमाण कोरोना भाईरस कोभिड-१९ को महामारीको कारण करीब ४५ दिन नेपाल सरकारबाट भएको बन्दाबन्दी लकडाउनको कारण प्रभावित भई बिक्रि निकासी घट्न पुगेको कारण कुल ४८६२४७.५४ घनमीटर मात्र निकासी भएको हुंदा बाताबरण शुल्क समेत सोही परिमाणमा असुल भएको व्यहोरा जानकारीकोलागी अनुरोध छ । प्रतिबेदनमा उल्लेखित रसिद नं १६७०१ देखि नभई १६२५१ को प्याड पश्चात प्रयोग भएकोले सो बमोजिम ठेक्का अबधिमा रु.३४२९९०६ संकलन भएको देखिएको आधारमा उक्त अंक बेरुजुबाट हटाई सम्परिक्षणको लागी गाउँसभामा सिफारिस गर्नेभन्ने मिति २०७९-०३-२२ को लेखा समितिकोसिफारिस निर्णयको आधारमा उक्त अंक बेरुजूबाट हटाई समपरीक्षण गरिदिन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्बसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>४</td><td>२०</td><td>उत्खनन् ठेक्का- कार्यालयले मनहरी गा.पा. स्थित राप्ति खेलाबाट IEE प्रतिवेदनले औल्याए बमोजिम २,६०,४२० घनमिटर नदीजन्य पदार्थ उत्खनन्, संकलन गर्न ३ वटा ठेक्का मार्फत रु १३०१०४३८ को सम्झौता पौष १७ गते गरेकोमा १९८२२५ घनमिटर उत्खनन् भएको जनाइ निम्नानुसार रु ४७,२३,९६५।- भुक्तानी भएको छ। जसमा देखिएका व्यहोरहरु निम्नानुसार छन्।
<table>
<tr><th>गो.भौ.नं.।मिति</th><th>ठेकेदारको नाम</th><th>सम्झौता परिमाण</th><th>सम्झौता अंक</th><th>उत्खनन् परिमाण</th><th>भुक्तानी</th></tr>
<tr><td>४५४।२०७७।३।८</td><td>शिव निर्माण सेवा</td><td>१०८५०० घ.मि.</td><td>११६४७४७</td><td>१०७१०० घ.मि.</td><td>६०५११५</td></tr>
<tr><td>४८६।२०७७।३।१६</td><td>शिवशक्ति इन्फ्रा डेभलपर्स प्रा.लि.</td><td>८४८८० घ.मि.</td><td>६६५६४६०</td><td>२५००० घ.मि.</td><td>११३००००</td></tr>
<tr><td>४८६।२०७७।३।१६</td><td>शिवशक्ति इन्फ्रा डेभलपर्स प्रा.लि.</td><td>६७०४०घ.मि.</td><td>५१८९२३१</td><td>६६१२५ घ.मि.</td><td>२९८८,८५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२६०४२० घ.मि.</td><td>१३०१०४३८</td><td>१९८२२५ घ.मि.</td><td>४७२३९६५</td></tr>
</table>
उपरोक्त ठेकेदारहरुले ठेक्का वापतको कार्यगरी भुक्तानी लिने प्रयोजनको लागि पेश गरेको नापी किताब र ठेक्का विल अनुसार उपरोक्त बमोजिम रु १९८२२५घन मिटर उत्खनन् भएको भनी जम्मा रु. ४७२३९६५ भुक्तानी लिएको देखियो। कार्यालयको रेकर्ड अनुसार १४ वटा क्रसर उद्योगको लागि जम्मा १८०६८४ घनमिटर नदिजन्य पदार्थको पटके</td><td>७४८२९४९</td><td>यस दफामा उल्लेखित व्यहोरा बमोजिम यस पालिका अन्तरगत मनहरी र राप्ति खोलाका बिभिन्न आई ई ई भएको स्थानबाट तोकिएको परिमाण उत्खनन गराउन घाटघटको माध्यमबाट ठेक्का व्यबस्थापन गरिएकोमा तिनवटा प्याकेज बनाई कार्यान्वयन गरिएकोमा निजहरुलाई उत्खनन गरि कार्यालयले तोकेको स्थानमा घाटगद्धि गर्नुपरेमा ढुवानी भाडा थप हुने, सोझै क्रसर उद्योगीको परिषरमा उत्खनन स्थलबाटै पठाईएमा उत्खननकोमात्र प्रतिईकाइ दररेटको आधारमा भुक्तानि दिने गरि सम्झौता गरेको,सोही बमोजिम निजहरुले उत्खनन गरिदिएको सबै परिमाण सार्वजनिक स्थलमा डम्पिङ गर्नु नपरि सोझै क्रसर व्यवसायीले तोकिएको बिक्रि मुल्यमा आफ्नै परिषरमा खरीद गरि लगेको व्यहोरा जानकारीकोलागी अनुरोध छ । साथै सो संदर्भमा उत्खनन स्थल देखि ब्रयसायीको परिपर सम्म पदार्थ ढुवानी गर्दा निजहरुबाटै छपाइ गरि पटके आदेश जारी गर्न लगाइएकोमा कार्यालयको मौजुदा जनशक्तिको परिचालनबाट निजले जारिगरेको सबै पटके आदेशको बिबरण संकलन हुन नसकेकोले निजलाई भुक्तानी गर्दा नापी किताबमा उल्लेखित परिमाण १९८२२५ घनमीटर पटके आदेशको बिबरण भिडान हुन नसकेको भएता पनि कुल १९८२२५ घनमीटरमात्र बिधिबत उत्खनन गराई व्यवसायीलाई बिक्रि गरेको र उक्त उत्खनन कार्य हुंदा मनहरी गाँउपालिका अन्तरगतका जनप्रतिनिधि,स्थानिय प्रहरी,शसस्त्र प्रहरी,पर्सा राष्ट्रिय निकुञ्जका प्रतिनिधि,उद्योग बाणिज्य संघका प्रतिनिधि,रासी डिभिजन बन कार्यालयका प्रतिनिधि लगायत स्थानिय संचारकर्मि समेतको रोहबर र निगरानीमा भएको अबस्थामा प्रतिबेदनमा औल्याईएझै पटके पूजिबिना उत्खनन हुन नदिएको व्यहोरा अनुरोध छ । यस</td></tr>
</table>

रन्जन कालाखेती
अध्यक्ष

रन्जन कालीखेती
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | छोडपुर्जी जारी भएको देखियो तर उक्त पटके छोडपुर्जी कार्यालय आफै छपाई गरी अभिलेख अद्यावधिक गरी राजश्व शाखाबाट जारी गर्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन। उक्त पटके छोडपुर्जी ठेकेदारहरु स्वयमले छपाइ गरेको व्यहोरा लेखापरीक्षणमा जानकारी प्राप्त भयो। यसरी भुक्तानी लिने प्रयोजनको लागि पेश गरेको परिमाण र ठेकेदार स्वयमले छपाई गरी जारी गरेको पटके छोडपुर्जी जुन कार्यालयमा अभिलेख राखिएको छ। सो आधारमा घटी देखिएको परिमाण १७५४१ घनमिटरको प्रदेश कानुन र मुल्य अभिवृद्धि कर ऐन बमोजिम लाग्ने शुल्क रु १०/१७ प्रतिघनफिटका दरले हुने रकम रु. ६२९३६६९ र गाउँपालिकाले तोकेको बिक्रि मुल्य प्रति घनमिटर रु ६७/८० का दरले हुने रु ११८९२८० समेत हुने रु ७४८२९४९ मा प्रचलित कानुन बमोजिम लाग्ने जरिवाना समेतले हुने रकम सम्बन्धित ठेकेदारहरुबाट अशुल गर्नुपर्ने रु | | संदर्भमा त्यसरी नियमानुसार कार्यालयको प्रणालीबाट उपलब्ध गराईएको भन्दा अन्य क्षेत्रबाट समेत व्यसायीको परिषरमा केही परिमाण बढी देखिएको भन्ने जनगुनासोलाई सम्बोधन गर्दै कार्यालयको प्राबिधक सहीतले पुन नापजांच गर्दा १२२९८८ घनमीटर परिमाण बढी रहेको पाईएकोलेस्थानिय अनुगमन समिति समेतको सिफारिसमा कार्यालयले मिति २०७७/०१/३१ को कार्यपालिका बैठकबाट निर्णय गरि प्रतिघनमीटर ६७.८ का दरले तत्काल व्यवसायीहरुबाट जरिवाना असुल गर्ने कारबाही समेत गरी रु.८३३८६०० जरिवाना अशुल समेत भएको व्यहोरा अनुरोध छ । यस उत्खनन कार्यको समिक्षा सहीत मिति २०७७/०३/१५ गते बसेको स्थानिय अनुगमन समितिको बैठको र मिति २०७७/०१/३० स्थानिय अनुगमन समिति एबम मिति २०७७/०१/३१ को कार्यपालिका बैठकको निर्णयबाट समेत उक्त व्यहोरा पुष्टी हुने देखिएकोले सम्परिक्षण गरि बेरुजुबाट लगत कट्टा गर्न सिफारिस गर्ने भन्ने मिति २०७९/०३/२२ को लेखा समितिको निर्णय व्यहोराको आधारमा बेरुजु हटाई सम्परिक्षण गरिदिन महालेखा परिक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्बसम्मत निर्णय गरियो । |
| ५ | २०१२ | ठेकेदारसि.वि.कन्स्ट्रक्सनसँग नदीजन्य पदार्थको आय ठेक्का सम्झौता गर्दा IEE Report ले उल्लेख गरेको परिमाण रु २६०५०० घनमिटर र स्टकमा रहेको परिमाण समेत जम्मा रु ५२३०८५ घनमिटर को ठेक्का सम्झौता भई निजले सोको सम्झौता बमोजिमको अंक २०७६मंसिर १७ गते ५ प्रतिशतछुट समेत लिइ हुने रकम एकमुष्ट रुपमा कार्यालयमा बुझाएको छ। सो बमोजिम निजले स्टकमा रहेको समेत IEEले यो वर्षलाइ अनुमति दिएको सबै परिमाण २६०५०० घनमिटर बिक्रि गरेको स्पष्ट हुन्छ। तर उत्खनन् गर्न ताकिएको ३ वटा ठेक्कामा IEEले उत्खनन् गर्न स्वीकृत गरेको परिमाण भनी २६०४२० घनमिटरको सम्झौता गरिएकोमा उत्खनन गरेको ठेक्काको रकम भुक्तानी लिने प्रयोजनको लागि पेश गरेको नापी किताब र ठेक्काबिलमा उपरोक्त बमोजिम जम्मा १९८२२५ घनमिटर मात्र उत्खनन् गरेको देखाइएको छ। यसैगरी उत्खनन् कर्ता ठेकेदारहरु बाट उत्खनन् भएको पदार्थको निकाशी १४ वटा क्रसर उद्योगहरुलाई निज ठेकेदारहरु स्वयमले छपाई गरी जारी गरेको पटके पूर्जी जुन कार्यालयमा अभिलेखमा रहेको छ। सोको आधारमा केवल १८०६८४ घनमिटर मात्र उत्खनन् गरी पटके छोडपूर्जी मार्फत चलान भएको देखियो। उपरोक्त तथ्यबाट के स्पष्ट हुन्छ भने उत्खनन् परिमाण र कार्यालयमा देखाइ आम्दानी बाधिएको परिमाण बिच ठुलो अन्तर रहेको छ। यस सम्बन्धमा सम्बन्धित निकायबाट यथार्थता एकिन गरी फरक पर्न गएको ६२२७५ घनमिटर कार्यालयलाई पर्न गएको नोक्सानी रकम गाउँपालिकाले तोकेको बिक्रि मुल्य प्रति घनमिटर ६७/८० का दरले हुने रकम रु. ४२२२२४५ कानुन बमोजिम असुल गर्नुपर्ने देखिएको मुल्य रु. | ४२२२२४५ | यस दफामा उल्लेखित व्यहोरा बमोजिम निकासीकोलागी नियुक्त ठेकेदारबाट सम्झौता बमोजिम सबै ५२३०८५ घनमीटर पदार्थ कोभिड १९ बाट भएको देशव्यापी लकडाउनको कारण निकासी हुन नसकेको कारण कुल ४८६२४७.५४ घनमीटरमात्र निकासी भएको यस अघिको सलग्न प्रतिबेदनबाट देखिएको सो परिमाण २६२५८५ सुरु मौज्दा,१९८२२५ उत्खनन मौज्दात र १२२९८८ प्रणाली बाहिरबाट व्यवसायीले संकलन गर्दा जरिवाना लगाईएको गरि कुल ५८३७९८ घनमीटर मध्यबाट निकासी भएको आधारमा निजबाट उत्खनन बढाई निकासी शुल्क संकलन गरेको नदेखिने व्यहोरा सम्बन्धि प्रतिबेदन,कार्यपालिका बैठकको व्यहोरा समेतको आधारमा उक्त बेरुजु अंक सम्परिक्षण गरि प्रतिबेदनबाट हटाउने व्यबस्थाकोलागी सिफारिस गर्ने भन्ने मिति २०७९/०३/२२ को लेखा समितिको सिफारिसको आधारमा उक्त बेरुजु हटाई सम्परिक्षण गरिदिन अनुरोध गर्ने सर्बसम्मत निर्णय गरियो । |
| ६ | २३ | फोहोरमैलाशुल्क-कार्यालयमा रहेको ट्र्याक्टर एक थानबाट यो वर्ष वडा नं ६ देखि ९ सम्मका ४ वटा वडाहरुमा फोहोर संकलन गरेबाट प्रति घरधुरी रु. ५०।- देखि रु. ३००।- सम्मका | ३१०१७० | स्थानीय सरकारको रुपमा रहेको मनहरी गाउँपालिका नाफामुलक संस्था नभई सेवाप्रदायक निकाय भएकोले जनताले प्रत्यक्ष लाभ पाउने सामाजिक क्रियाकलाप सँचालन गर्दा नियमानुसार |

रन्जन कालाखेती
अध्यक्ष

रञ्जन कालाखेती
अध्यक्ष

<table>
<tr><td></td><td></td><td>दरले यो वर्ष जम्मा रु ३,७९,८००।- फोहोरमैला शुल्क असुल गरी आम्दानी बढेको देखियो। उक्त फोहोरमैला संकलन गर्न तोकिएको ३ जना कर्मचारी (चालक, सहचालक र सन्चालक( लाई यो वर्ष देहाय बमोजिम रु. ६,७९,७३०।- पारिश्रमिक र ट्र्याक्टर मर्मत खर्च रु १०६००। समेत रु ६,८९,९७०।- खर्च लेखेको देखियो। जसमा ईन्धन खर्च समेत समावेश गर्दा उक्त खर्च थप बढ्न सक्ने देखिन्छ। यसप्रकार आम्दानी भएको रकमभन्दा बढी हुने गरी आम्दानी गर्न गरिने खर्चका सम्बन्धमा कार्यालयले ध्यान दिनुपर्ने देखिएको रु.</td><td></td><td>लाग्ने भन्दा बाहेक सेवा शुल्क संकलन गर्न नमिल्ने भएतापनी तोकीएको दरमा फोहोर संकलन शुल्क असुल गरिएकोले नाफामुलक नभई सेवामुलक भई गरेको कार्यलाई औचित्यताको आधारमा नियमित गर्न मनासिब देखिएकोले गाउँसभामा सिफारिस गर्नेभन्ने मिति २०७९-०३-२२ को लेखा समितिकोसिफारिस निर्णयको आधारमा उक्त अंक बेरुजूबाट हटाई समपरीक्षण गरिदिन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>७</td><td>३५.१</td><td>सार्वजनिक खरिद एन २०६३ को दफा ८ उपदफा २ मा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा गर्न नहुने उल्लेख छ । त्यस्तै नियमावलीको नियम ८ मा खरिद योजना लगायत खरिद प्याकेजको बारेमा उल्लेख रहेको छ । कार्यालयले उपरोक्त बमोजिमHDPE Pipe र डीप बोरिगं पाइपलगायत सामाग्री खरिद गर्दा एउटै प्याकेज बनाइ बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा सोझै, शिल्डबन्दी दरभाउपत्र र बोलपत्र गरी चार पटकसम्म खरिद गरेको देखियो ।यसरी गरेको खरिदलाइ तुलना गरी हेर्दा बोलपत्रको तुलनामा देहाय बमोजिम कार्यालयलाइ थप व्ययभार परेको अवस्था छ । यस प्रकार पर्न गएको थप व्ययभारलाइ कानुन सम्मत भन्न मिल्ने नदेखिएको रु</td><td>६६५०६५</td><td>यस दफामा उल्लेख भएको विवरण अनुसार यस कार्यपालिकाले विभिन्न मितिमा र आवश्यकता अनुसारका योजनामा माग बमोजिम पटके आदेश भएको हुदाँ फरक-फरक समयमा स्वतन्त्र रुपमा प्रतिस्पर्धा गराई खरिद गर्ने क्रममा बोलपत्र तथा शिलबन्दि दरभाउ पत्रको माध्यमबाट खरिद गरेकोमा बजारमा विभिन्न अवस्था समय अनुसार बस्तुको मुल्यमा फरक पर्ने भएकाले उक्त खरिद कार्य बेमनासिब नदेखिएकोले बेरुजूबाट लगतकट्टा गर्नगाउँसभामासिफारिस गर्नेभन्नेमिति२०७९-०३-२२को लेखा समितिको सिफारिस निर्णयको आधारमा उक्त अंक बेरुजूबाट हटाई समपरीक्षण गरिदिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।</td></tr>
<tr><td>८</td><td>३५.२</td><td>उक्त पाइप लगायतका सामाग्रीहरु कार्यालयले खरिद गरी देहाय बमोजिम उपभोक्ता समितिका अध्यक्षलाइ हस्तान्तरण फारम मार्फत बुझाइ खर्च जनाएको देखियो । तर उक्त सामाग्री सम्बन्धित योजनामा प्रयोग गरेको नापी किताब ठेक्का बिल लगायतको प्राविधिक पुष्ट्याइ पेश हुन नआएकोले पेश हुनुपर्ने रु
<table>
<tr><th>गो भौ नं । मिति</th><th>बिक्रेता</th><th>खरिद बिधि</th><th>घटी प्रतिशत</th><th>भुक्तानी</th><th>योजनाको नाम</th></tr>
<tr><td>३०८।०७७।३।२२</td><td>गोदावरी प्लाष्टो काफट इ प्रा ली</td><td>सोझै</td><td>शुन्य</td><td>२१४३००</td><td>नखुल्ने</td></tr>
<tr><td>३६५।०७७।३।२८</td><td>गोदावरी प्लाष्टो काफट इ प्रा ली</td><td>बोलपत्र</td><td>३१४७</td><td>२५०५४९२</td><td>गोगनपानी खा पा यो</td></tr>
<tr><td>८०।०७६।१०।२१</td><td>गोदावरी प्लाष्टो काफट इ प्रा ली</td><td>शिल्डबन्दी दरभाउ पत्र</td><td>०००५</td><td>१६५८०८७</td><td>लोयर खा पा यो</td></tr>
<tr><td>३६३।०७७।३।२८</td><td>नारायणी माइको पाइप उ प्रा ली</td><td>शिल्डबन्दी दरभाउ पत्र</td><td>२११०</td><td>७३२०००</td><td>डोसे सुकौरा डीप बोरिगं खा पा यो</td></tr>
</table></td><td>५१०९८७९</td><td>यस दफामा उल्लेख भएको विवरण अनुसार यस कार्यपालिकाले विभिन्न समयको निर्णय अनुसार खानेपानी आयोजनको पाईप लाईन विस्तार कार्यका लागि विभिन्न समयमा विभिन्न योजनाका लागि खरिद गरी उपभोक्ता समिति मार्फत उक्तकार्य भएकाले उपभोक्ता समितिको कार्यसम्पन्न प्रतिवेदनमा सामाग्रीको प्रयोजनकोविषयमा र नापि किताव तथा ठेक्का विल समावेश भएकोले उक्त उपभोक्ता समितिको नापि किताव एवम ठेक्का विल लगायतसमावेश सबै कागजातबाट प्राविधिक पुष्टाई भएको देखिएकोले नियमित गर्नगाउँसभामासिफारिस गर्नेभन्नेमिति२०७९-०३-२२ को लेखा समितिको सिफारिस निर्णयको आधारमा उक्त अंक बेरुजू बाट हटाई समपरीक्षण गरिदिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।</td></tr>
<tr><td>९</td><td>३६</td><td>कार्यालयले यो आ व २०७६।७७ मा देहाय बमोजिमा भुक्तानी गरेकोमा निम्नानुसारका प्रमाण तथा कागजातहरु लेखापरीक्षणमा पेश हुन नआएकोले परीक्षण हुन सकेन । तसर्थ निम्नानुसारका प्रमाण कागजातहरु पेश हुनुपर्ने रु
<table>
<tr><th>गो भौ नं । मिति</th><th>प्रयोजन</th><th>भुक्तानी पाउने</th><th>भुक्तानी</th><th>नपुग प्रमाण कागजात</th></tr>
</table></td><td>९५०११९९</td><td>१. गा.पा सभाहल निर्माण ठेक्काको चौथो तथा अन्तिम बिल भुक्तानी सम्बन्धी मेरिना कन्स्ट्रक्सन कं प्रा ली. लाई भुक्तानी गरिएको रु. २०९१०६३.०० को ल. इ., ठेक्का व्यवस्थापनफाइल, सम्झौता र म्यादथप लगायतका सम्पुर्ण श्रेस्ता कागजात सम्बन्धीत शाखाबाट पेश हुन आएकोले नियमित गरिदिन गाउँसभामासिफारिस गर्नेभन्नेमिति२०७९-०३-२२ को लेखा</td></tr>
</table>

रञ्जन कालाखेती
अध्यक्ष

रञ्जन कालाखेती
अध्यक्ष

<table>
<tr>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>३८८।०७<br>७।३।३१</td><td>गा पा सभाहल निर्माण ठेक्काको चौथो तथा अन्तिम बिल भुक्तानी</td><td>मेरिना कन्सट्रक्सन कं प्रा ली</td><td>२०९१०६३</td><td>ल इ ठेक्का व्यवस्थापनफाइल, सम्झौता र म्यादथप भए सो फाइल</td></tr>
<tr><td>२२६।०७<br>७।३।४</td><td>ब्रिहत खानेपानी योजना वडा नं ८ र ९ को तेश्रो रनिंग बिल भुक्तानी</td><td>शिवशक्ती इन्फ्रा डेभलपर्स प्रा ली</td><td>६५९९१३६</td><td>ल इ ठेक्का व्यवस्थापनफाइल, सम्झौता र नापी किताव</td></tr>
<tr><td>२२८।०७<br>७।३।४</td><td>गा पा भवनको डिपीआर अध्ययन भुक्तानी</td><td>सिस्टमेटिक इन्जीनियरिंग एशोसिएट्स कन्सल्टेन्सी प्रा ली</td><td>८११०००</td><td>ल इ ठेक्का व्यवस्थापनफाइल, सम्झौता र प्रतिवेदन दाखिला</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>९५०११९९</td><td></td></tr>
</table>
</td>
<td></td>
<td>समितिको सिफारिस निर्णयको आधारमा उक्त अंक वेरुजू बाट हटाई समपरीक्षण गरिदिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।।<br>२. वृहत खानेपानीयोजनावडानं८र९कोतेश्रोरनिङ्ग बिल शिवशक्ती इन्फ्रा डेभलपर्स प्रा ली.लाईभुक्तानी गरिएको रु. ६५९९१३६.०० को ल. इ., ठेक्का व्यवस्थापनफाइल, सम्झौता र नापी किताबलगायतका सम्पुर्ण श्रेष्ता कागजात सम्बन्धीत शाखाबाट पेश हुन आएकोले नियमित गरिदिन गाउँसभामासिफारिस गर्नेभन्नेमिति२०७९-०३-२२ को लेखा समितिको सिफारिस निर्णयको आधारमा उक्त अंक वेरुजू बाट हटाई समपरीक्षण गरिदिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।।<br>३. गाउँपालिका भवनको डि.पि.आर. बनाउने कार्य सिस्टमेटिक इन्जीनियरिंग एशोसिएट्स कन्सल्टेन्सी प्रा ली. मार्फत सम्पन्न भएकोमा उक्त कम्पनीलाई भुक्तानी गरिएको रु. ८११०००.०० को ल. इ., ठेक्का व्यवस्थापनफाइल, सम्झौतालगायतका सम्पुर्ण श्रेष्ता कागजात सम्बन्धीत शाखाबाट पेश हुन आएकोले नियमित गरिदिन गाउँसभामासिफारिस गर्नेभन्नेमिति२०७९-०३-२२ को लेखा समितिको सिफारिस निर्णयको आधारमा उक्त अंक बेरुजू बाट हटाई समपरीक्षण गरिदिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।।</td>
</tr>
<tr>
<td>१०</td>
<td>८३</td>
<td>बढी भुक्तानीः आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने, नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । तिज विशेष कार्यक्रममा खाना, खाजा, पानी, कुर्सी, माइक, साउण्ड सिस्टम लगायत सेवा उपलब्ध गराए वापत सिजन टेण्ट एण्ड क्याटरिङ्ग सर्भिसले प्रति व्यक्ति रु ४२५ का दरले ७५० जनाको रु ३१८७५० को बिल पेश गरी भुक्तानी लिएको छ तर मिति २०७६।०५।१६ मा सम्पन्न तिज विशेष कार्यक्रममा ८९ जनाको मात्र उपस्थिति रहेको देखियो । यसरी कार्यक्रममा उपस्थित व्यक्ति भन्दा बढी संख्यामा बिल पेश भएकाले बढी संख्या ६६१ जनाको प्रतिव्यक्ति रु ४२५ का दरले बढी भुक्तानी रकम असुल हुनुपर्ने रु.</td>
<td>२८०९२५</td>
<td>यस दफामा उल्लेख भएको व्यहोराको सम्बन्धमा उक्त तिज बिशेष सचेतना कार्यक्रम गाँउपालिकाबाट मिति २०७६/०५/१२ देखि ऐ १६ सम्ममा आयोजना भएको मा वडा नं ३ को लामीटारमा २५० जना,वडा नं ४ को मसिनेमा १०० जना,वडा नं १ को मकरीमा ८९ जना,वडा नं ९ को ज्यामिरे १३० जना र वडा नं ५ को बशन्तपुरमा १८५ जना गरि ७५० जना महिला जनप्रतिनिधीहरु सहीत सहभागी उपस्थित भएको, सिजन टेण्ट एण्ड क्याटरिङ्ग सर्भिसले उल्लेखित संख्याका सहभागीलाई तोकिएको सेवा उपलब्ध समेत गराएको व्यहोरा यथार्थ भएकोले तत्कालिन उपाध्यक्ष मनिला बिष्टबाट पेश हुन आएको पत्रबाट समेत स्पष्ट भएको र मिति २०७६/०५/२२ को कार्यपालिकामा सो सम्बन्धमा छलफल समेत भई भुक्तानी दिने बैठक निर्णय भए बमोजिममात्र भुक्तानी भएको आधारमा उक्त अंक रु.२८०९२५ सम्परिक्षण गरि बेरुजुबाट हटाउने व्यस्थाकोलागी गाउँसभामासिफारिस गर्नेभन्नेमिति२०७९-०३-२२ को लेखा समितिको सिफारिस निर्णयको आधारमा उक्त अंक वेरुजू बाट हटाई समपरीक्षण गरिदिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।।</td>
</tr>
<tr>
<td>१३</td>
<td>८९</td>
<td>कर्मचारी प्रोत्साहन भत्ता-स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवागठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन</td>
<td>५११८४८१</td>
<td>कोभिड-१९ को महामारीको ज्यान जोखिममा राखी जनताको सेवामा समर्पित स्वास्थ्यकर्मीहरुलाई नेपाल सरकारले घोषणा गरेको आधारमा जोखिम भता ५० प्रतिशत नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम भत्ता वितरण गरेको र गाउँपालिकाको अन्य कर्मचारीलाई</td>
</tr>
</table>

रञ्जन कालाखेती
अध्यक्ष

रन्जन कालाखेती
अध्यक्ष

<table>
<tr><td></td><td></td><td>तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। गाउँपालिकाले कानून नबनाई यो बर्ष निम्नानुसार अतिरिक्त भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.</td><td></td><td>कार्यबोझको आधारमा कानुन बनाई कर्मचारी प्रोत्साहन मापदण्ड २०७५ कार्यपालिकाबाट पारित गराई कानुन बमोजिम वितरण भएकोले उक्त खर्च बेमनासिव नदेखिएको कारण नियमित गरिदिन गाउँसभामा सिफारिस गर्नेभन्ने मिति२०७९-०३-२२ को लेखा समितिको सिफारिस निर्णयको आधारमा उक्त अकं वेरुजू बाट हटाई समपरीक्षण गरिदिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।।</td></tr>
<tr><td>११</td><td>१००</td><td>भर्पाई पेश नभएको: आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने, नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। गो.भौ.नं. ७/२०७७।०१।२६ बाट प्रति प्याकेट रु ९९३ का दरले १०० वटा सुत्केरी पोषक प्याकेट खरिद वापत रु ९९३०० भुक्तानी भएको छ । जसमध्ये ४६ वटा सुत्केरी पोषक प्याकेट हाँडिखोला स्वास्थ्य चौकीबाट सुत्केरीले बुझेको भरपाई पेश भएको छ । बाँकी ५४ वटा सुत्केरी पोषक प्याकेटको वितरणको भरपाई पेश नभएकाले पेश हुनुपर्ने रु.</td><td>५३६२२</td><td>गो.भौ.नं. ७/२०७७।०१।२६ बाट सुत्केरी पोषण प्याकेट वितरणमा भएको भुक्तानी सम्बन्धमा कार्यालयबाट मनहरी प्रा.स्वा.के. र हाडिखोला स्वा.चौ.ले ५०/५० ईकाई बुझेको देखिएको छ सो बुझिलिएको सामग्री हाडिखोला स्वास्थ्य चौकीले रजिष्टरमा भरपाई गरेको देखिएको, मनहरी प्रा.स्वा.के.ले भर्पाई राखेको नदेखिएको तरगाउँपालिकाबाट एम्बुलेन्स खर्च लिने सबै सुत्केरी आमाहरुलाई पोषण प्याकेट बितरण गरेकोपाईएको र आगामी दिनमा भर्पाई गराई मात्र सामग्री वितरण गर्ने प्रतिवद्धता स्वास्थ्य संस्थाका ईन्चार्जहरुबाट प्राप्त भएकोलेसो सामग्रीकोकुनै प्रकारको अनियमितता भएको नदेखिएको आधारमा उक्त वेरुजूनियमित गरिदिन गाउँसभामासिफारिस गर्नेभन्नेमिति२०७९-०३-२२को लेखा समितिको सिफारिस निर्णयको आधारमा उक्त अकं वेरुजू बाट हटाई समपरीक्षण गरिदिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।</td></tr>
<tr><td>१२</td><td>१०४</td><td>बालमैत्रि स्थानिय शासन घोषणा कार्यक्रमको लागि गाउँपालिकाले देहाय बमोजिमका विभिन्न भौ.नं र मितिबाट रु ३४४८१६१ खर्च लेखेको छ । यसरी खर्च लेख्दा अर्थ मन्त्रालय कार्य सन्चालन निर्देशिका २०७५ ले तोकेको खर्चको मापदण्ड र सिमा अनुसार खर्च लेखु पर्नेमा सो बेगर मापदण्ड र सीमा भन्दा अत्यधिक बढी र फजुल तवरले खर्च गरेको देखियो । यस प्रकारका खर्चहरुको यथार्थता छानविन गरी कार्यक्रम संचालन र खर्च गर्ने जिम्मेवार जनप्रतिनिधी समेतका कर्मचारीलाइ कानुन बमोजिम जवाफदेही तुल्याइ सरकारी हानी नोक्सानी पर्न गएको रकम यकिन गरी असुल गर्नुपर्ने देखिएको रु.<br>खर्चका केही उदाहरण निम्नानुसार छन्:
<table>
<tr><th>भौ नं मिति</th><th>खर्चको बिवरण</th><th>खर्च</th></tr>
<tr><td>३१३।२०७६।११।१९</td><td>पत्र छपाई वापत</td><td>२००००</td></tr>
<tr><td>३८०।०७६।०१।२९</td><td>ब्यानर र सामाग्री खरिद:</td><td>४१५४६३</td></tr>
<tr><td>२७५।२०७६।१०।२७</td><td>इलेक्ट्रीकल सामाग्री खरिद:</td><td>१७२४३</td></tr>
<tr><td>२९०।०७६।११।४</td><td>अनुगमन खर्च:</td><td>१६४३४५</td></tr>
<tr><td>२१२।०९।२४</td><td>भाडा:</td><td>२८०००</td></tr>
<tr><td>३४३।२०७६।१२।५</td><td>बिद्यालयले कार्यक्रम संचालन गरेबापत</td><td>५१८८९</td></tr>
<tr><td>३४२।२०७६।१०।२७</td><td>सुचना टाँस तथा सचेतनामुलक छलफल</td><td>२७५०५</td></tr>
<tr><td>१४७।२०७६।०८।१५</td><td>अभिमुखीकरण कार्यक्रम सञ्चालन</td><td>८२२००</td></tr>
<tr><td>१५।२०७७।०३।२१</td><td>घोषणाका लागि स्थिति पत्र तथा रणनीतिक निर्माण कार्यशाला</td><td>२५६००</td></tr>
</table></td><td>३४४८१६१</td><td>यस दफामा उल्लेखित व्यहोरा बमोजिम मिति २०७६ पौष २८ गते यस गाँउपालिकालाई प्रथम बालमैत्री गाँउपालिका घोषणा गर्ने प्रयोजनकोलागी पूर्व तयारी स्वरुप उल्लेखित कार्यक्रम क्रियाकलापहरु संचालन भएकोमा त्यसमा भएका कतिपय खर्चहरु मनहरी गाँउपालिकाको गाँउसभाको बैठकबाट निर्णय भएबमोजिमको निर्धारित दररेट बमोजिम र सार्बजनिक खरीद ऐन र नियमावलीको प्राबधानहरुमा आधारित भइ कार्यान्वयन भएकोले यस कार्यालयबाट सम्बन्धित खर्च कारोबारको प्राप्त बिल भरपाई एकीन गर्ने क्रममा उल्लेखित खर्चहरु नियमितनै रहेको पाईएको र सो सम्बन्धमा बिभिन्न मितिको कार्यपालिका बैठकमा समेत छलफल भई भुक्तानी दिने कार्य भएकोले उक्त अंक रु.३४४८१६१ सम्परिक्षण गरि बेरुजुबाट हटाउने व्यवस्था हुन मनासिव छ भनी गाउँसभामासिफारिस गर्नेभन्नेमिति२०७९-०३-२२ को लेखा समितिको सिफारिस निर्णयको आधारमा उक्त अकं वेरुजूबाट हटाई समपरीक्षण गरिदिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।</td></tr>
</table>

रन्जन कालाखेती

| | | | |
|---|---|---|---|
| ३७८।२०७७।१।२८ | अभिमुखीकरण कार्यक्रम सञ्चालन | ३४७८०० | |
| २६९।२०७६।१०।२६ | व्यवस्थापन र कागजात निर्माण | ८५५०० | |
| | सहजकर्ता विष्णु प्रसाद चौवेलाई बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक कागजात तयारीका लागि दैनिक रु १२००० का दरले भुक्तानी | ८४००० | |
| २।२०७६।०८।१५ | कार्यसम्पादन तथा कागजात प्रमाणिकरण वापत | ५४१०० | |
| | विष्णु प्रसाद चौवेलाई बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक कागजात व्यवस्थापन प्रमाणिकरण कार्यक्रम संचालन गरेवापत दैनिक रु १४००० का दरले भुक्तानी | २८००० | |
| १३७।२०७६।०८।५ | अवलोकन भ्रमणमा ३२ जना सरोकारवालाको सहभागिता रहेको | ३०२८८० | |
| ३७३।२०७७।०१।२२ | घोषणा पूर्व सूचनाको लागि | २२५०० | |
| २६२।२०७७।१०।२३ | सूचना प्रसारण | ३००० | |
| २३३।२०७७।१०।०३ | विशेषाङ्क प्रकाशन तथा सूचना प्रकाशन | २०००० | |
| ६०६।२०७७।०३।२९ | वृत्तचित्र निर्माण | २७०००० | |
| ५४९।२०७७।०३।२२ | प्रत्यक्ष प्रसारण | १२४८६५ | |
| ५८५।२०७७।०३।२६ | प्रचारप्रसार रिपोर्टिङ्ग | ७७३८० | |

१०५ त्यसैगरी भौ नं ३९७।२०७७।०२।०५ बाट बालमैत्री घोषणा सभा कार्यक्रम सम्पन्न गरेवापत निम्नानुसार रु १२५३७९१ खर्च लेखेको छ । यस खर्चको सम्बन्धमा समेत अर्थ मन्त्रालय कार्य सन्चालन निर्देशिका २०७५ ले तोकेको खर्चको मापदण्ड र सिमा अनुसार खर्च लेखु पर्नेमा सो बेगर मापदण्ड र सीमा भन्दा अत्यधिक बढी र फजुल तवरले खर्च गरेको देखियो । यस प्रकारका खर्चहरुको यथार्थता छानविन गरी कार्यक्रम संचालन र खर्च गर्ने जिम्मेवार जनप्रतिनिधी समेतका कर्मचारीलाइ कानुन बमोजिम जवाफदेही तुल्याइ सरकारी हानी नोक्सानी पर्न गएको रकम यकिन गरी असुल गर्नुपर्ने देखिएको रु.

| सि.नं | विवरण | रकम |
|---|---|---|
| १ | यातायात भाडा सर्वसाधारणको लागि | ४६०००० |
| २ | स्पीकर भाडा | ११००० |
| ३ | अटो भाडा | २९७०० |
| ४ | यातायात भाडा पत्रकारको लागि | ५००० |
| ५ | टेण्ट भाडा | १६२१५५ |
| ६ | मायाको चिनो | ४०००० |
| ७ | बजार सरसफाई | ३२८१५ |
| ८ | प्राथमिक उपचार | १३८० |

१२५३७९१

यस दफामा उल्लेखित व्यहोरा बमोजिम मिति २०७६ पौष २८ गते यस गाँउपालिकालाई ऐतिहासिक रुपमा नेपालकै प्रथम बालमैत्री गाँउपालिका घोषणा गर्ने मूल समारोह कार्यक्रम आयोजना हुदा त्यसकालागी नगरि नहुने अत्याबस्यक कार्यक्रम क्रियाकलापहरुमात्र सम्पादन गरिएको र कतिपय खर्चको नर्म्स गाँउसभाबाट निर्णय भई निर्धारित दररेटको आधारमा सोही बमोजिम र सार्बजनिक खरीद ऐन र नियमावलीको प्राबधानहरुमा आधारित भइ कार्यान्वयन भएकोले यस कार्यालयबाट सम्बन्धित खर्च कारोबारको प्राप्त बिल भरपाई एकीन गर्ने क्रममा उल्लेखित खर्चहरु नियमितनै रहेको पाईएको र सो सम्बन्धमा बिभिन्न मितिको कार्यपालिका बैठकमा समेत छलफल भई भुक्तानी दिने कार्य भएकोले उक्त अंक रु. १२५३७९१ सम्परिक्षण गरि बेरुजुबाट हटाउने व्यवस्था हुन मनासिव छ भनी गाउँसभामासिफारिस गर्नेभन्नेमिति२०७९-०३-२२को लेखा समितिको सिफारिस निर्णयको आधारमा उक्त अकं वेरुजुबाट हटाई समपरीक्षण गरिदिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

रञ्जन कालाखेती
अध्यक्ष

रुक्मान कालाखेती
अध्यक्ष

| | | |
|---|---|---|
| ९ | खाना खाजा | १९५००० |
| १० | रेडियो नाटक तथा सूचना | २८५०० |
| ११ | प्रतिवेदन छपाई | १४००० |
| १२ | खादा खरिद | २४००० |
| १३ | माला | २०००० |
| १४ | प्ले कार्ड र स्वयम्सेवक बिल्ला | १९५०० |
| १५ | सूचना प्रकाशन | ५००० |
| १६ | पेन ड्राइभ खरिद | ७२०० |
| १७ | नेपाली झण्डा खरिद | १०४४५ |
| १८ | स्वागत ब्यानर | १६१७५ |
| १९ | विविध | १३४२१ |
| २० | खैंजडी तथा पञ्चेबाजा टोली भत्ता | ३०००० |
| २१ | पत्रकार टोली भत्ता | २७००० |
| २२ | कलाकार राजा राजेन्द्र पारिश्रमिक | ३५००० |
| २३ | कलाकार मिलन लामा पारिश्रमिक | ४१५०० |
| २४ | साग स्वर्ण विजेता महशुस मुक्तानलाई पुरस्कार प्रदान | २५००० |
| | जम्मा | १२५३७९१ |

रंजन कालाखेती
अध्यक्ष

रन्जन कालाखेती
अध्यक्ष

४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५३ को उपदफा २ बमोजिम मनहरी गाउँपालिकाको न्यायिक समितिबाट सम्मानित सभामा न्यायिक समितिको आ.व.०७८/०७९ मा सम्पादित कृयाकलापहरुको बार्षिक प्रगति प्रतिवेदन सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरीयो।

५ प्रस्ताव नं. ५ विविध माथि छलफल गर्दा तपसिल बमोजिमका निर्णयहरु गरीयो ।

- गाउँपालिकाको सेवा प्रवाहलाई उपलब्ध जनशक्तिबाट मात्र सहज रुपमा सेवाप्रवाहमा कठिनाई उत्पन्न भएको समयमा सेवा प्रवाहलाई प्रभावकारी बनाउन तत्काल कार्यपालिकाको निर्णय बमोजिम कार्यालयबाट नियुक्ती भएका कर्मचारीहरुको नियुक्ती अनुमोदन गर्ने निर्णय गरीयो ।
- गाउँपालिकाबाट उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन यस गाउँपालिकाको स्वीकृत कर्मचारी दरबन्दीको अधिनमा रही करार सेवामा (श्रेणी विहिन कर्मचारी र प्राविधिक कर्मचारी भर्ना) सम्बन्धी कार्यविधि, २०७८ तथा प्रचलित कानून बमोजिम पदपुर्ती भई सेवा करार, ज्यालादारी पदमा नियुक्त भएका ७८ (अठहत्तर) जना कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धी सम्पूर्ण अधिकार गाउँकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरीयो ।
- मनहरी गाउँपालिकाको मिति २०७८/०६/०७ गते बसेको गाउँ सभाको दशौं अधिवेशन पश्चात गाउँसभाबाट अनुमोदन हुनुपर्ने गरी विभिन्न मितिमा कार्यपालिकाको बैठकका निर्णय तथा कार्यालयबाट सम्पादन भएका कामहरु अनुमोदन गर्ने निर्णय गरीयो ।
- कार्यालयले आ.व.२०७८/०७९ मा गरेको सम्पुर्ण अम्दानी तथा खर्चलाई अनुमोदन गर्ने निर्णय गरीयो ।
- मनहरी गाउँपालिकामा कार्यरत सबै तहका कर्मचारीहरुको आ.व.०७९/८० को तलबी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरीयो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा पारित गरी बैठक समापन गरीयो ।

रन्जन कालाखेती
अध्यक्ष